# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# इटहरी, सुनसरी
# कोशी प्रदेश, नेपाल

## लोक सेवा तयारी कक्षा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।

(सूचना प्रकाशन मितिः २०८३/०१/२२)

इटहरी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार, उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने थारु (प्रथम नागरिक) समुदायका युवाहरूलाई निजामती सेवा तथा स्थानीय सरकारी सेवाको वृत्तिविकासमा सहभागी गराउने उद्देश्यले कोशी प्रदेश, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको अप्राविधिक तर्फ प्रशासन सेवा, सहायक पाँचौं तह (प्रथम चरण) को लोक सेवा तयारी कक्षा सञ्चालन गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ को उपनियम (२) को प्रयोजनार्थ यो सुचना प्रकाशन गरिएको छ ।सो कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार, दक्ष जनशक्ति र अनुभव भएका इच्छुक इजाजत प्राप्त गैरसरकारी संस्थाहरूबाट देहाय बमोजिमका कागजातहरू सहित यस कार्यालयको खरिद शाखामा खामबन्दी प्रस्ताव मिति २०८३/०२/०६ गते दिनको १२:०० बजे भित्र पेश गर्न आव्हान गरिन्छ साथै पेश भएका प्रस्तावहरु मिति २०८३/०२/०६ गते दिनको १३:०० बजे खोलिनेछ।

आवश्यक कागजातहरु:

क) संस्था दर्ता प्रमाणपत्रको नवीकरण सहितको प्रमाणित प्रतिलिपि।

ख) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

ग) आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

घ) यस कार्यालयको सामाजिक महाशाखाबाट प्राप्त मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

ङ) तयारी कक्षाको कार्यतालिका, मुख्य प्रशिक्षक तथा विषय विज्ञहरुको बायोडाटा, सहितको कार्यक्रमको प्रस्तावना र TOR मा रहेको खर्च प्रस्तावको ढांचामा आर्थिक प्रस्ताव।

च) लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी अनुभव भएको प्रमाणपत्रको प्रतिलिपि।

नोट :- कार्यक्रमको TOR, विस्तृत विवरण कार्यालयको वेबसाइट https://itaharimun.gov.np मार्फत प्राप्त गर्न सकिन्छ साथै थप जानकारी आवश्यक परे सम्बन्धित शाखाबाट लिन सकिन्छ। म्याद नाघी आएका वा रीत नपुगेका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।

प्रमुख प्रशासकीय अधिकृत

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत